काठेखोला गाउँपालिकाका न्यायिक समितिको आयोजनामा गरिएको जिल्ला स्थित स्थानिय तहहरुको जिल्ला स्तरीय न्यायिक सम्मेलन तथा असल अभ्यास आदान प्रदान सम्बन्धि कार्यक्रम ।

<u>कार्यसम्पन्न प्रतिवेदन</u>

(आर्थिक वर्ष २०८२/०८३)



<u>मिति २०८३ बैशाख ९ र १० गते</u>

*<u>प्रतिवेदक</u>*

**महेन्द्र प्रसाद कडेल**
**न्यायिक सहजर्कता**
**काठेखोला गाउँपालिका विहुँकोट बागलुङ**

# काठेखोला गाउँपालिकाका न्यायिक समितिको आयोजनामा गरिएको जिल्ला स्थित स्थानिय तहहरुको जिल्ला स्तरीय न्यायिक सम्मेलन कानुनी तथा असल अभ्यास आदान प्रदान सम्बन्धि कार्यक्रम ।

## कार्यसम्पन्न प्रतिवेदन
## (आर्थिक वर्ष २०८२/०८३)

### १ पृष्ठभूमि (Background)

**नेपालको संविधानले स्थानीय तहलाई न्याय सम्पादन गर्ने अधिकार प्रदान गरेसँगै स्थानीय तहका न्यायिक समितिहरूले नागरिकलाई सहज, छिटो र सुलभ न्याय प्रदान गर्दै आएका छन्। यसै सन्दर्भमा स्थानीय तहहरूबीच अनुभव आदान–प्रदान, समस्याको पहिचान तथा समाधानका उपायहरूको खोजी गर्ने उद्देश्यले काठेखोला गाउँपालिकाको आयोजनामा जिल्ला स्थित स्थानीय तहहरूको तेस्रो न्यायिक सम्मेलन सम्पन्न गरिएको हो। यस सम्मेलनले न्यायिक समितिहरूको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउने, चुनौतीहरूको समाधान गर्ने र न्यायिक सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउने लक्ष्य राखेको थियो।**

### २ उद्देश्य (Objectives)

१ स्थानीय तहका न्यायिक समितिहरूबीच अनुभव आदान–प्रदान गर्नु

२ न्याय सम्पादनका क्रममा आएका समस्याहरू पहिचान गर्नु

३ प्रभावकारी समाधानका उपायहरू तय गर्नु

४ न्यायिक सेवाको गुणस्तर सुधार गर्नु

५ न्याय सम्पादन कार्यबिधिमा एक रुपता को प्रयास गर्ने

### ३. कार्यक्रम विवरण (Program Details)

* कार्यक्रम नाम: तेस्रो जिल्ला स्तरीय न्यायिक सम्मेलन

* स्थान: धम्जा ३, बेलढुंगा सामुदायीक होमस्टे

* आयोजक: काठेखोला गाउँपालिका

**४ सहभागिता: जिल्लास्थित विभिन्न स्थानीय तहका प्रतिनिधिहरू, न्यायिक समिति सयोजक सदस्य मेलमिलापकर्ता गाउपालिका कार्यपालिका सदस्यहरू बडाअध्यक्षहरु**

**प्रमुख छलफलका विषयहरू**

- असल अभ्यास सम्बन्धमा अनुभव आदान प्रदान छलफल
- न्यायिक समितिको कार्यसम्पादन अवस्था
- निर्णय कार्यान्वयनमा देखिएका समस्या
- कानुनी जटिलताहरू
- सहजीकरण र मेलमिलाप प्रणाली
- सेवा प्रवाह सुधारका उपाय हरु

**. ५ बजेट विवरण (Budget Detail – रु. ५,००,०००।- अक्षरुपी पाच लाख रुपैया मात्र**

| क्र.स. | विवरण | परिमाण | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | सहभागि खाजा खाना | | | | २३३६५० |
| २ | मायाको चिनो | | | | ५५२५० |
| ३ | प्रमाण पत्र फ्रेम | | | | १७१०० |
| ४ | स्टेसनरी | | | | ६१३०२ |
| ५ | यातायात सञ्चार खर्च | | | | ५५२५० |
| ६ | सुचना तथा सचार | | | | १०००० |
| ७ | व्यानर तथा विविध खर्च | | | | २८५०० |
| ८ | संयोजक\सहयोगी\प्रतिवेदक | | | | २३३७ |
| ९ | प्रशिक्षक | | | | ६१२० |
| १० | बाजा समुह | | | | १०००० |
| ११ | बिबिध | | | | ९१४५ |
| १२ | साउन्ड सिटम | | | | ७००० |
| | **जम्मा** | | | | **४९५६५४** |

## बागलुङ जिल्ला स्थित सम्पूर्ण न्यायिक समितिहरुको तेस्रो सम्मेलन, २०८३ बाट जारी
## बेलढुङ्गा घोषणा पत्र

स्थानीय सरकार नागरिकहरूको हरेक समस्याहरूसँग एकाकार हुने सबैभन्दा नजिकको सरकार हो । आम नागरिकको सामान्य जीवन निर्वाहको लागि आवश्यक पर्ने गाँस, बास र कपास देखि लिएर विश्वव्यापीकरण, उदारीकरणका एवं सूचना प्रविधि क्षेत्रको विकासको लहर सँगै आएका अधिकारका नयाँ आयमहरुका विषयमा उठेका समस्या तथा विवादको समाधान गर्ने पहिलो थलो नै स्थानीय सरकार हो ।

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका स्थानीय सरकार अन्तर्गतका तिन वटा अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मध्ये न्यायपालिकीय अधिकार प्रयोग गर्ने न्यायिक समितिले न्याय प्रशासनको स्थानीयकरण गरी न्याय सम्पदानलाई छिटो, छरितो र प्रभावकारी बनाउन विवादहरूको समाधान प्रकृया तथा कार्यविधि सम्बन्धमा समान धारणा साथै एकरुपता कायम गर्न र न्यायिक समितिबाट हुने न्यायिक काम कारबाहीमा एकरूपता कायम गर्न यो न्यायिक सम्मेलनको महत्वपूर्ण भुमिका रहेको छ ।

संवैधानिक र कानुनी जिम्मेवारीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आम नागरिकलाई उनिहरुको घर दैलोमै सरल, सहज र निष्पक्ष न्याय उपलब्ध गराउनु न्यायिक समितिको मुख्य जिम्मेवारी हो । निष्पक्षता, समानता, मानव अधिकार, प्राकृतिक न्याय, नागरिकको मौलिक हक, कानुनी राज्यको प्रत्याभुति र विधीको शासनलाई प्राथमिकतामा राखी जिल्ला स्थित सम्पूर्ण न्यायिक समितिका संयोजक तथा पदाधिकारीहरु मिति २०८३ साल वैशाख ९ र १० गते, गण्डकी प्रदेश, बागलुङ जिल्ला, काठेखोला गाउँपालिकाको संयोजन तथा व्यवस्थापनमा काठेखोला गाउँपालिकाको रमणीय पर्यटकीय स्थल प्रकृतिको अनुपम भूमी बेलढुङ्गामा उपस्थित भई बागलुङ जिल्लास्थित सम्पूर्ण न्यायिक समितिहरुको तेस्रो सम्मेलनबाट तपशिल बमोजिमको बेलढुङ्गा घोषणा पत्र जारी गर्दछौं ।

१. लोकतन्त्र प्राप्तिका लागि विगतमा भएका विभिन्न आन्दोलन र २०८२ साल भाद्र २३ र २४ मा भएको जेन्जी आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुभएका शहिदहरु प्रति भवापूर्ण श्रद्धाञ्जली साथै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । सोही आन्दोलनको क्रममा देशका ऐतिहासिक धरोहरहरुमा भएको क्षतिप्रति दुख व्यक्त गर्दै क्षति भएका पूर्वाधारको उचित क्षतिपूर्ति, सुरक्षा सुनिश्चितता तथा तत्काल पुनःस्थापना र पुनःनिर्माणका लागि सम्बन्धित निकायसँग जोडदार माग गर्दछौं ।

२. २०८२ साल फागुन २१ गते सम्पन्न निर्वाचन मार्फत निर्वाचित प्रतिनिधि सभा सदस्यहरू तथा नव निर्वाचित नेपाल सरकारलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं । राजनीतिक स्थायित्व, सुशासन र समृद्धिका लागि सरकारबाट प्रभावकारी भूमिकाको नेतृत्व हुने विश्वासका साथ नेपाल सरकारले दिगो शान्ति, स्थायित्व, सुशासन र प्रभावकारी सेवा प्रवाहको लागि लिने नीति तथा कार्यक्रम र सुशासन कार्ययोजनालाई स्थानीय सरकारको नीति तथा कार्यक्रममा तादात्म्यता गराउँदै प्रभावकारी कार्यान्वयन गर्न सबै स्थानीय सरकारहरु प्रतिबद्ध छौं।

३. संविधान, प्रचलित कानुन र न्याय निरुपणका मान्य सिद्धान्तका आधारमा स्थानीय स्तरमा उत्पन्न हुने विवादको समाधान छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी विधि र प्रक्रिया अबलम्वन गरी सबैका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्न विवाद दर्ता प्रकृया देखी निर्णय कार्यान्वयन सम्मका सबै चरणहरुमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नेछौं ।

४. स्वच्छता, निष्पक्षता, निश्चितता, समानता र समन्याय सहितको न्यायिक प्रणाली आत्मसात हुने गरी स्थानीय कानून तर्जुमा गर्ने साथै न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णय कार्यान्वयनलाई विशेष प्राथमिकता दिनेछौं।

५. न्याय सम्पादनको क्रममा कसैलाई डर, त्रास वा धम्कीको वातावरण सिर्जना हुन नदिन नागरिकको नीजि तथा संवेदनशील सूचना गोप्य राखिनेछ । जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदायलाई विशेष प्राथमिकता दिनुका साथै मुद्धाको प्रकृति हेरी बेग्लै इजलासबाट न्याय सम्पादन गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

६. सबै स्थानीय तहमा न्यायिक प्रकृयालाई एकरुपता ल्याउन सबै स्थानीय न्यायिक समितिहरूको समन्वयबाट न्यायिक समिति सञ्चालन सम्बन्धी बेग्लै कार्यविधी बनाइ कार्यान्वयन गर्ने प्रतिवद्धता गर्दछौं ।

७. स्थानीय न्याय प्रशासनलाई सक्षम र सुदृढ बनाउन, दक्ष जनशक्तिको व्यवस्था, नियमित प्रशिक्षण, पारदर्शी र प्रभावकारी न्याय प्रणालीको विकास गर्न गाउँ/नगर सभाबाट उपयुक्त कार्यक्रम र पर्याप्त बजेटको प्रबन्ध गर्ने प्रतिवद्धता गर्दछौं ।

८. संविधानको व्यवस्था र भावना समेतलाई मध्येनजर गरी विकेन्द्रीत न्याय प्रणालीलाई आत्मसात गर्दै न्यायिक समितिको अधिकार क्षेत्र स्पष्ट किटान गरि दोहोरो पर्न नदिन न्यायिक समितिको क्षेत्राधिकारलाई थप स्पष्ट गर्न नेपाल सरकार सँग माग गर्दछौं।

९. न्यायिक समितिका पदाधिकारी, अन्य जनप्रतिनिधि, सम्बद्ध कर्मचारी, मेलमिलापकर्ता र अन्य सरोकारवाला समेतको क्षमता विकास गरी स्थानीय न्याय सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्नेछौं ।

१०. बागलुङ जिल्लाका स्थानीय तह विच न्यायिक निरूपन कार्यमा एक अर्कामा सहयोग गर्ने एवम समन्वय गरी न्यायिक समितिको कार्य, अनुभव, असल अभ्यास र अपेक्षाका विषयमा निरन्तर छलफल, आदानप्रदान, अन्तर्क्रिया र दिशाबोध गर्ने कार्यलाई निरन्तरता दिनेछौं ।

११. शिक्षण संस्था, समुदाय र नागरिक समाजसँग समन्वय गरेर आम नागरिकलाई न्यायप्रति विश्वास बढाउन, समाजमा शान्ति तथा स्थायित्व कायम गर्न मनोविमर्ष सेवा सहित कानुनी अधिकार र कर्तव्यका बारेमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्नेछौं ।

१२. समुदाय स्तरमा मेलमिलाप केन्द्रहरु स्थापना गरी विवादको वैकल्पिक र दिगो समाधान गर्न गुणस्तरीय मेलमिलापकर्ताको संख्यालाई बढाउँदै जानुका साथै मेलमिलाप केन्द्रलाई थप साधन, स्रोत सहित व्यवस्थित गरिनेछ ।

१३. न्यायिक समितिलाई उच्च नैतिक आचरणयुक्त बनाउदै राजनीतिक प्रभावबाट मुक्त गरी न्याय सम्पादन नागरिकको भरोसायोग्य बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१४. गण्डकी प्रदेश सरकारले स्थानीय तहमा अधिकृत स्तरको न्यायिक सहजकर्ताको दरवन्दीको व्यवस्था गरी कार्यान्वयन समेत गरेकोमा गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिदैं न्यायिक सहजकर्ताको निरन्तरता र भूमिकामा थप गरेर स्थानीय न्यायधिवक्ताको भूमिका रहने गरी कानुनी र संस्थागत व्यवस्थाको आधार तयार पार्न माग गर्दछौं ।

**बेलढुङ्गा घोषणा पत्रमा हस्ताक्षरकर्ता न्यायिक समितिका संयोजक तथा पदाधिकारीहरु:**

| | |
|---|---|
| राजु खड्का | बागलुङ नगरपालिका |
| फमलाल निउरे | गल्कोट नगरपालिका |
| हरिहर शर्मा | जैमिनी नगरपालिका |
| तम बहादुर घर्ती | ढोरपाटन नगरपालिका |
| तेज बहादुर थापा | काठेखोला गाउँपालिका |
| भिमसेन वन | बडिगाड गाउँपालिका |
| प्रेम बहादुर घर्ती मगर | निसिखोला गाउँपालिका |
| हिरा कुमारी छन्त्याल | तमानखोला गाउँपालिका |
| भिम बहादुर रोका | ताराखोला गाउँपालिका |
| अमर शेरपुजा | बरेङ गाउँपालिका |

*ईति सम्वत् २०८३ बैशाख १० रोज् ५ शुभम् ।*


बागलुङ जिल्ला स्थित स्थानीय तहहरुको
तेस्रो न्यायिक सम्मेलन
बेलदुङ्ग घोषणा-पत्र
सार्वजनिक कार्यक्रम
मितिः २०८३ बैशाख १० गते
स्थानः काठेखोला गाउँपालिका-३, धम्जा, बेलदुंगा, बागलुङ
आयोजकः
बागलुङ नगरपालिका
जैमिनी नगरपालिका
गलकोट नगरपालिका
ढोरपाटन नगरपालिका
काठेखोला गाउँपालिका
बरेङ गाउँपालिका
ताराखोला गाउँपालिका
बडिगाड गाउँपालिका
तमानखोला गाउँपालिका
निसीखोला गाउँपालिका




तेस्रो न्यायिक सम्मेलन-२०८३
हार्दिक स्वागत गर्दछौं ।































जिल्ला स्थित










बागलुङ

“छिटो, सस्तो र सरल न्याय”








बेलदुङ्ग
घोषणा-पत्र
सार्वजनिक कार्यक्रम


बेलदुङ्ग
घोषणा-पत्र
सार्वजनिक कार्यक्रम


मायाको चिनो
बागलुङ


मायाको चिनो
बागलुङ


घोषणा-पत्र
मायाको चिनो
बागलुङ




घोषणा-पत्र


घोषणा-पत्र
मायाको चिनो
बागलुङ


घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो

घोषणा-पत्र
काठेखोला गाउँपालिका
मायाको चिनो
बागलुङ










८. निष्कर्ष (Conclusion)

यस सम्मेलनले स्थानीय तहका न्यायिक समितिहरूबीच सहकार्य, समन्वय र अनुभव आदान–प्रदानलाई मजबुत बनाएको छ। यसबाट न्याय सम्पादन प्रक्रियालाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन महत्वपूर्ण योगदान पुगेको निष्कर्ष निकालिएको छ।

९. धन्यवाद (Acknowledgement) यस कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सहभागी, प्रमुखअतिथि, कर्मचारी पत्रकार  तथा सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

प्रतिवेदक
महेन्द्रप्रसाद कडेल
न्यायिक सहजकर्ता
काँठेखोला गाउपालिका

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय शासन प्रणालीलाई संस्थागत गर्दै स्थानीय तहलाई स्वशासनको महत्वपूर्ण अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाहरूलाई आफ्ना क्षेत्रभित्र आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयन गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने अधिकार सुनिश्चित गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले नागरिकका आवश्यकता र अपेक्षाअनुसार विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गर्नुपर्ने हुन्छ। तर व्यवहारमा हेर्दा धेरै स्थानीय तहमा कानून निर्माण प्रक्रिया, कानूनी प्रावधान, प्रक्रिया तथा मापदण्डबारे पर्याप्त ज्ञान, सीप तथा अनुभवको अभाव देखिएको छ। यसले गर्दा कानून निर्माणमा एकरूपता, गुणस्तर तथा प्रभावकारितामा कमी आउन सक्ने सम्भावना रहन्छ। साथै, जनप्रतिनिधि न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूमा कानूनी सचेतनाको अभावले सेवा प्रवाहमा समेत चुनौती उत्पन्न हुन सक्छ। यसै सन्दर्भमा, स्थानीय तहका जनप्रतिनिधि,न्यायिक समिति कर्मचारी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै कानूनी सचेतना बढाउने उद्देश्यले "कानूनी सचेतना तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम" आयोजना गरिएको हो। यस कार्यक्रममार्फत कानून निर्माणका आधारभूत सिद्धान्त, प्रक्रिया, आवश्यक चरणहरू तथा व्यवहारिक पक्षहरूबारे जानकारी प्रदान गरिनेछ। यसले स्थानीय तहलाई कानूनी रूपमा सुदृढ, उत्तरदायी तथा प्रभावकारी बनाउँदै सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## कार्यक्रम प्रतिवेदन

१. **कार्यक्रमको** नाम कानूनी सचेतना तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम

२. आयोजना गर्ने निकायः काठेखोला गाउँपालिका न्यायिक समिति बागलुङ

३. मितिः २०८२ साल बैशाख २९गते

४. स्थानः काठेखोला गाउँपालिकाको सभाहल

५. कार्यक्रमको उद्देश्यः - स्थानीय तहमा कानून निर्माण प्रक्रियाबारे जानकारी प्रदान गर्नु - जनप्रतिनिधि, न्यायिक समिति सदस्य, मेलमिलापकर्ता तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु - कानूनी सचेतना बढाई न्यायमा सहज पहुँच सुनिश्चित गर्नु

६. सहभागीहरूः - गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष - न्यायिक समिति सदस्यहरू - मेलमिलापकर्ता - गाउँपालिकाका कर्मचारीहरू - अन्य सरोकारवाला व्यक्तिहरू

७. कार्यक्रमको विवरणः कार्यक्रमको उद्घाटन औपचारिक रूपमा गरियो। प्रमुख अतिथिले का वा अध्यक्ष तेज बहादुर थापा ले गर्नु भयो बिशिष्ट अतिथी को रुपमा न्ययाधिवक्ता पुर्ण प्रसाद पौडेल अधिवक्ता गिता श्रीस रहनु भएको कार्यक्रमको महत्वमाथि प्रकाश प्रशासकिय अधिकृत प्रकाश पौडेल स्वागत न्यायिक समिति सदस्य चित्रकुमारी थापा पार्नुभयो सचालन न्यायिक सहजर्ता महेन्द्र प्रसाद कडेल सो पस्चात प्रशिक्षक जिल्ला सरकारी वकिल कार्यालय न्याधिवक्ता पुर्ण प्रसाद पौडेल अधिवक्ता गिता श्रीस ले त्यसपछि विभिन्न

विषयवस्तुहरूमा प्रस्तुतीकरण गरियोः - स्थानीय तहमा कानून निर्माण प्रक्रिया - न्यायिक समितिको भूमिका र जिम्मेवारी - मेलमिलाप प्रक्रिया र व्यवहारिक पक्ष - कानूनी सचेतना र नागरिक अधिकार
८. उपलब्धिः - कानून निर्माण प्रक्रियाबारे स्पष्ट जानकारी प्राप्त - न्यायिक कार्यसम्पादनमा आत्मविश्वास वृद्धि - मेलमिलाप प्रक्रियामा सुधार - कानूनी सचेतना अभिवृद्धि
९. निष्कर्षः कार्यक्रमले स्थानीय तहमा कानून निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।
१०. सिफारिसः - यस्ता कार्यक्रम नियमित सञ्चालन गरिनु पर्ने - व्यवहारिक तथा केस-आधारित तालिम थप गरिनु पर्ने - वडा तहसम्म विस्तार गरिनु पर्न

११. **कार्यक्रममा भएको यथार्थ खर्चको विवरण:**

| क.स. | विवरण | परिमाण | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | सहभागि दैनिक भत्ता | ५० जना | ८०० | १ | ४०००० |
| २ | प्रशिक्षण सामाग्री | | | १ | २०० |
| ३ | सहभागी खाना खर्च | ५३ | ४०० | | २१२०० |
| ४ | स्टेसनरी | ५३ | १०० | | ५३०० |
| ५ | सञ्चार खर्च | | | १ | १००० |
| ६ | खानेपानी | ४ | २५० | १ | १००० |
| ७ | व्यानर तथा विविध खर्च | | | | १००० |
| ८ | संयोजक\सहयोगी\प्रतिवेदक | | | | १४०० |
| ९ | प्रशिक्षक | ४ कक्षा | १८०० | १ | ७२०० |
| १० | | | | | |
| ११ | | | | | |
| | | | | | ७८,३०० |

. **१२ न्यायिक तर्फका हालका समस्या**

- उजुरीको संख्या वृद्धिः स्थानीय तहमा विवादहरू (जग्गा, पारिवारिक, लेनदेन आदि) बढ्दै गएकालकार्यभारअत्यधिकभएको अवस्था।
- जनशक्ति अभावः न्यायिक समितिमा आवश्यक कानूनी ज्ञान भएका कर्मचारी तथा सहयोगी जनशक्ति कमी।
- कानूनी ज्ञानको अभावः जनप्रतिनिधि तथा सरोकारवालामा कानूनी प्रक्रिया र सिद्धान्तबारे सीमित जानकारी।
- प्रक्रियागत जटिलताः उजुरी दर्ता, सुनुवाइ र निर्णय प्रक्रियामा स्पष्टता र सरलताको अभाव।
- पूर्वाधारको कमीः छुट्टै इजलास कक्ष, अभिलेख व्यवस्थापन, प्रविधिको अभाव।

- समन्वय अभावः प्रहरी, अदालत तथा अन्य निकायसँग पर्याप्त समन्वय नहुनु।

**१३ न्यायिक निरूपणमा रहेका समस्या**

- ढिलाइ (Delay in Justice): मुद्दा समाधानमा अनावश्यक ढिलाइ हुनु।
- निर्णय कार्यान्वयनमा समस्याः फैसला भए पनि कार्यान्वयन प्रभावकारी नहुनु।
- प्रमाण संकलनमा कठिनाइः प्रमाण, साक्षी तथा कागजात जुटाउन समस्या।
- पक्षपातको आशंकाः कतिपय अवस्थामा निष्पक्षतामाथि प्रश्न उठ्ने अवस्था।
- कानूनी प्रक्रिया पालना नहुनुः निर्धारित प्रक्रिया र मापदण्ड पूर्ण रूपमा पालन नहुनु।
- अभिलेख व्यवस्थापन कमजोरः केस फाइल, निर्णय र कागजात व्यवस्थित रूपमा सुरक्षित नराखिनु।

—— ३. समस्या समाधानका उपाय

- क्षमता अभिवृद्धि तालिमः न्यायिक समितिका पदाधिकारी र कर्मचारीलाई नियमित कानूनी तालिम प्रदान गर्ने।
- कानूनी विज्ञको सहयोगः आवश्यक परेमा अधिवक्ता वा कानूनी सल्लाहकारको संलग्नता।
- प्रक्रियाको सरलीकरणः उजुरी दर्ता र सुनुवाइ प्रक्रियालाई सरल, स्पष्ट र समयबद्ध बनाउने।
- प्रविधिको प्रयोगः डिजिटल अभिलेख, अनलाइन उजुरी प्रणाली, केस ट्र्याकिङ प्रणाली लागू गर्ने।
- समन्वय सुदृढीकरणः प्रहरी, अदालत र अन्य निकायसँग नियमित समन्वय बैठक।
- अनुगमन तथा मूल्यांकनः निर्णय कार्यान्वयनको अनुगमन गर्ने संयन्त्र विकास।
- सचेतना कार्यक्रमः नागरिकलाई कानूनी अधिकार र प्रक्रिया बारे जानकारी दिने अभियान सञ्चालन।

१४. निष्कर्ष

स्थानीय तहको न्यायिक समिति नागरिकको नजिकको न्याय प्रदान गर्ने महत्वपूर्ण संयन्त्र हो। तर हाल देखिएका समस्या'जस्तै जनशक्ति अभाव, प्रक्रियागत कमजोरी, ढिलाइ र कार्यान्वयनमा कठिनाइ'का कारण न्याय सम्पादन प्रभावकारी हुन सकेको छैन। यी समस्याहरू समाधान गर्न क्षमता अभिवृद्धि, प्रविधिको प्रयोग, कानूनी विशेषज्ञको सहयोग तथा संस्थागत सुधार अत्यावश्यक देखिन्छ। यसतर्फ समुचित ध्यान दिएमा स्थानीय तहको न्यायिक प्रणाली थप प्रभावकारी, पारदर्शी र जनमुखी बन्नेछ, जसले समग्र रूपमा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान रहने छ ।

महेन्द्र प्रसाद कडेल
न्यायिक सहजकर्त
पेश गर्ने

<u>कार्यक्रममा का केही तश्बिर हरु मिति २०८३।१२।१९</u>













## सहभागिता प्रतिवेदन

१.शीर्षक लोमन्थाङ गाउँपालिकामा सम्पन्न प्रदेश स्तरीय न्यायिक भेला तथा असल अभ्यास आदान-प्रदान कार्यक्रममा सहभागिताको प्रतिवेदन

२. सहभागि कार्यालय [यहाँ आफ्नो गाउँपालिका/नगरपालिका नाम राख्नुहोस]

३. कार्यक्रम आयोजक लोमन्थाङ गाउँपालिका, मुस्ताङ

४. मिति २०८३ साल बेशाख १५ गते

५. स्थान लोमन्थाङ गाउँपालिका, मुस्ताङ

६. सहभागि प्रतिनिधि यस कार्यक्रममा [आफ्नो पालिका नाम] बाट निम्न प्रतिनिधिहरूको सहभागिता रहेको थियो:

* संयोजक: तेज बहादु थापा
* प्रमुख प्रशसकिय अधिकृत : मुक्ति पौडेल
* न्यायिक सहजकर्ता/महेन्द्र प्रसाद कडेल

## ७. कार्यक्रमको उद्देश्य

* स्थानीय तहका न्यायिक समितिहरूबीच अनुभव आदान-प्रदान गर्नु
* असल अभ्यासहरू सिक्नु तथा कार्यान्वयन गर्न प्रेरित हुनु
* न्याय सम्पादनलाई प्रभावकारी र जनमुखी बनाउने उपायहरू खोज्नु

८. कार्यक्रमका मुख्य गतिविधिहरू

* उद्घाटन तथा स्वागत सत्र
* कार्यपत्र प्रस्तुतीकरण

* विभिन्न स्थानीय तहका असल अभ्यासहरूको प्रस्तुतीकरण

* समूहगत छलफल तथा अनुभव आदान-प्रदान

* निष्कर्ष तथा सुझाव संकलन

**९. सिकाइ तथा अनुभव (असल अभ्यास) कार्यक्रममा सहभागी भई निम्न महत्वपूर्ण असल अभ्यासहरू सिक्न पाइयो:**

* मेलमिलाप केन्द्रको प्रभावकारी सञ्चालन सम्बन्धी अभ्यास

* विवाद समाधानमा समुदायको सहभागिता बढाउने तरिका

* दर्ता तथा मुद्दा व्यवस्थापन प्रणाली सुधार गर्ने उपाय

* समयमै निर्णय गर्ने प्रक्रिया र पारदर्शिता कायम गर्ने अभ्यास

**१०. कार्यक्रमबाट प्राप्त उपलब्धि**

* न्यायिक कार्यप्रणाली सुधार गर्ने नयाँ ज्ञान प्राप्त

* अन्य पालिकाका सफल अभ्यासहरू अपनाउने अवसर

* न्यायिक समितिबीच समन्वय र सम्बन्ध विस्तार

* कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउने प्रेरणा

११. निष्कर्ष लोमन्थाङ गाउँपालिकामा आयोजित उक्त कार्यक्रम अत्यन्त उपलब्धिमूलक रह्यो। सहभागी भई प्राप्त ज्ञान, सीप र अनुभवलाई आफ्नो पालिकामा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

**१२. सुझाव**

* सिकिएका असल अभ्यासहरूलाई स्थानीय स्तरमा लागू गर्ने पहल गर्ने

* यस्ता कार्यक्रमहरू नियमित रूपमा आयोजना गर्ने

* न्यायिक समितिका पदाधिकारीहरूलाई थप तालिम प्रदान गर्ने

* प्रविधिमैत्री न्याय प्रणाली विकास गर्ने

**१३. समापन यस महत्वपूर्ण कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्ने आयोजक लोमन्थाङ गाउँपालिका तथा सहयोगी सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।**

[यहाँ सरकारी लोगो राख्ने]

# काठेखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काठेखोला, बागलुङ

# कार्यक्रम प्रतिवेदन

धौलागिरि प्राविधिक शिक्षालय, लेते मुस्ताङमा अध्ययनरत

विद्यार्थीहरूको वस्तुगत अवस्थाको अनुगमन तथा विश्लेषण




कार्यक्रम स्थल: लेते, मुस्ताङ